# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:२०७४।७५ च.नं

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
ढकारी गाउँपालिका,
अछाम ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ६२ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६३ लाख २० हजार, नियमित गर्नुपर्ने रु.४१ लाख ५२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१३ लाख ६५ हजार र पेश्की रु.४४ लाख ४३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजातका पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोरा लेखापरीक्षण प्रतिवेदन पाना २२  यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# ढकारी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

### आर्थिक वर्ष २०७४।०७५ को एकिकृत आय-व्यय विवरण

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | | | | १ | चालु खर्च | | |
| १ | गत वर्षको जिम्मेवारी | | ५२९२०३५.०० | | समानिकरण | २८८०५०५५.२१ | १५६०८४७६४.१७ |
| | | | | | शसर्त | १२६६६९४२०.९६ | |
| | | | | | आन्तरिक | ६१०२८८. | |
| | क) नगद | | | २ | पूँजिगत खर्च | | १४२८४८२१३.१८ |
| | | | | | समानिकरण | १४२८४८२१३.१८ | |
| | | | | | शसर्त | ०.०० | |
| | | | | | आन्तरिक | ० | |
| | ख) बैंक | ५२९२०३५.०० | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | ग) धरौटी | ०.०० | | | | | |
| | घ) कोष तर्फको | ०.०० | | | | | |
| २ | राजस्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | ६१०२८८.०० | ६१०२८८.०० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय | | | ४ | लगानी | ० | ० |
| ३ | वित्तीय हस्तान्तरण | | २७३३०००००.० | | ऋण लगानी | ० | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १९३१२१०००.० | | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | ८०१७९०००.०० | | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | ०.०० | ०.०० |
| | घ) विशेष अनुदान | | | ६ | कोष खर्च | ० | 0 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | को.ले.नि.का.फिर्ता | | ६७४४५७९।०४ |
| | क)वित्तीय समानीकरण अनुदान | ० | | ८ | मौज्दात | | २८०६७११६.६१ |
| | ख) सशर्त अनुदान | ०.०० | ०.०० | | क) नगद मौज्दात | ० | |
| | ग) समपूरक अनुदान | ० | | | ख) बैंक मौज्दात संचित कोष | २६७५९७६६.६१ | |
| | घ) विशेष अनुदान | | | | ग) कोष तर्फ मौज्दात | ०. | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | | घ) धरौटी बाँकी | ० | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | | | ङ) कोलेनिका ख ६ खाता | १३०७३५० | |
| | क) ऋण प्राप्ति | ० | | | | | |
| | ख) साँवा प्राप्ति | ० | | | | | |
| | ग) ब्याज प्राप्ति | ० | | | | | |
| | घ) अन्य प्राप्ति | ० | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | ०.०० | ०.०० | | | | |
| ८ | जनसहभागिता (नगद) | ० | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | ५३२३५००० | ५३२३५००० | | | | |
| १० | धरौटी आय | ०.०० | ०.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | ० | | | | | |
| १२ | अन्य विविध आय ख ६ खाता | १३०७३५० | १३०७३५० | | | | |
| | जम्मा | | ३३३७४४६७३.० | | जम्मा | | ३३३७४४६७३. |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १.१. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिकाहरुले सुत्र सफ्टबेयर प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उक्त सपफ्टवेयरको प्रयोग गरेको देखिएन । सपफ्टवेयर प्रयोग गरी बिद्युतीय लेखा प्रणली अपनाउनु पर्दछ । | |
| १.२. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि साविक जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैंक नगदी किता, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण आंशिकमात्र राख्ने गरेको, श्रेस्तासँग सम्बन्धीत कागजातहरु छुट्टै राख्ने गरेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, नापी किताव लगत सिटमा नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । यसमा कार्यालय प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| १.३. | **बिनियोजन श्रेस्ता :-** गाँउपालीकाले समानिकरण चालु, पुजिगत, शसर्त चालु पुजिगत र बिषयगत मन्त्रालयबाट प्राप्त रकमको श्रेस्ता अलग अलग राख्नुपर्नेमा समानिकरण( चालु/पुजिगत) र शर्सत (चालु/पुजिगत) मात्र छुट्याई खर्च लेखेको देखिँदा बिषयगत मन्त्रालयबाट भएको खर्च एकिन गर्न सकिएन । शिर्षकअनुसार खर्च राख्ने गर्नुपर्दछ । | |
| १.४. | **लक्ष्य/प्रगति स्थिति –**कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन ।<br>कार्यालयले यस वर्ष कुल ३२९ कार्यक्रम मध्ये ७ कार्यक्रममा शून्य प्रगति १ कार्यक्रममा २५ प्रतिशतसम्म र ६ कार्यक्रममा ५० प्रतिशत सम्म वार्षिक प्रगति गरेको देखिएको छ । गाँउपालिकाले ७५ प्रतिशत भन्दा न्यून प्रगति हासिल हुनुको कारण खुलाएको छैन । यसरी न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। | |
| १.५. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निमन बिषयमा प्रयापत नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ ।<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ● अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।<br>● सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>● योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>● निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>● आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>● करको दायरा पहिचान भएको छैन,<br>● ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>● योजना हस्तान्तरण तथा खचंको सावंजनिक परीक्षण भएको छैन,<br>● योजनागत कन्टिन्जेन्सी कता गरी निकासा गनें र कता गरेको कन्टिन्जेन्सीको खचंको पारदशींता अनुसार खर्च गर्ने गरेको छैन,<br>● बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट पेश भएको छैन,<br>● फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>● जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>● कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको छैन,<br>● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>● ऐन,को दफा २७ अनुसार नक्शा पास र अनुमति वेगर भवन निर्माण गरेको छैन,<br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन । | |
| १.६. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । | |
| १.७. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास गाँउाई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष नक्सापासका लागि कुनै निवेदन पेश भएको छैन । गाँउपालिकाले गाँउक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| १.८. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिका र गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १.९. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २. | लेखापरीक्षणबाट देखिएको व्यहोरा<br>**चौमासिक खर्च सन्तुलन** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयले यो बर्ष १४ करोड २८ लाख ४८ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा २ करोड १४ लाख २७ हजार (१५%), दोश्रो चौमासिकमा ४ करोड २८ लाख ५४ हजार (३०%) र तेस्रो चौमासिकमा २ करोड ८५ लाख ७० हजार (५५ %) र आषाढ महिनामा मात्र रु.४ करोड ९९ लाख ९७ हजार(३५ %) खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । | |
| ३. | **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि गाँउपालिकाले ४.७५ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् : | |
| ३.१. | कार्यालयबाट प्राप्त बिबरण अनुसार यो बर्ष कुल कन्टेन्जिन्सी खर्च अनुगमन सुपरभाईजर ज्याला, भवन मरमत, अफिस सामान खरिद, सबारीसाधन मर्मत, दैनिक भ्रमणभत्ता भुक्तानी लगायत बर्क चार्ज खर्चमा रु.६ लाख ३९ हजार र ईन्धन, स्टेशनरी सुचना प्रकाशन मर्मत तथा मालसामान खरिद लगायत सानातिना खर्चमा रु.१३ लाख ६७ हजार समेत रु.२० लाख ६ हजार खर्च लेखेको पाइयो । जुन यस वर्षको कूल सार्वजनिक निर्माण खर्च रु.१४ करोड २८ लाख ४८ हजार को १.४० प्रतिशत हुन आउंछ ।<br>गाँउपालिकाबाट प्राप्त विवरण अनुसार योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखी एकमुष्ट लेखा राख्ने गरेकोले योजनागत रुपमा कन्टिन्जेन्सी खर्च भिडान गर्न नसकिने अबस्था रहेको देखियो । आयोजनागत रुपमा खर्चको अभिलेख राख्नुपर्दछ । | |
| ३.२. | गाँउपालीकाले योजनाको रकम भुत्तानी गर्दा बैकनगदि किताबमा सबै खर्च देखाई ४.७५ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरि बैक नगदि किताबको बिबधमा देखाई बाँकी रकम भुत्तानी गर्ने गरेको देखियो । बिबिधमा देखाएको कन्टिन्जेन्सी रकमबाट आबश्यकता अनुसार खर्च गर्ने र खर्च नभएको कन्टिन्जेन्सी रकम बैक नगदी किताबको खर्चमा घटाई कुल खर्च देखाउने गरेको देखियो । यसो गर्दा कन्टिन्जेन्सी खर्च यकिन गर्नसक्ने आधार भएन । अत कार्यालयले योजनाको भुत्तानी गर्दा कन्टिन्जेन्सी नलेखी जतिखेर जुन आयोजनामा खर्च गर्नुपर्दछ खर्च लेखी बैक नगदी किताबमा खर्च जनाई अभिलेखको लागी छुटै कन्टिन्जेन्सी खर्च खातामा जनाई कन्टिन्जेन्सी खर्चलाई व्यबस्थीत बनाउनुपर्दछ । साथै गाँउपालीकाले ४.७५ प्रतिशत कन्टिन्जेन्सी के आधारमा छुट्याउने गरेको हो स्पष्ट हुन आएन । गाँउपालीकाको आय जनसंख्या र खर्च रकमको आधारमा कन्टिन्जेन्सी खर्चको प्रतिशत र कन्टिन्जेन्सीबाट के के मा कति प्रतिशत सम्म खर्च गर्न पाउने हो मापदण्ड निर्धारण गरि त्यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४. | **जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । नगरपालिकाको लागी लागी | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

२१ दरबन्दी स्वीकृत भएकोमा निम्न पदमा १४ दरबन्दी रिक्त रहेको देखियो ।

| पद | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| नायव सुब्बा (योजना तथा अनुगमन शाखा) | १२ | ३ | ९ | ९ जना करारमा पदपुर्ति |
| नायब सुब्बा वा खरिदार (अन्य | ३ | १ | २ | |
| बिद्यालय निरीक्षक | १ | ० | १ | |
| प्रा.स | १ | ० | १ | |
| आ.ले.प नासु | १ | ० | १ | |

कार्यालयमा कायम दरबन्दीमध्ये धेरै कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ ।

५. बित्तिय समानिकरण अनुदान (चालु तथा पुँजिगत )

**सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । यस गाँउपालीकाले ९ नायब सुब्बा तहका कर्मचारीहरु नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा गत बिगतकै निर्णय तथा व्यहोरा उल्लेख गरि करार पत्रमसेत अभिलेखमा नराखी करार सेवा गरी यस आ.ब.मा रु २४,४४,०००।- खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन । नियमाबली तथा निर्देशिकाको पालना हुनुपर्दछ ।

६. **भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भगरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।

६.१. कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो वा कार्यालयको लागी आबश्यक थियो, थिएन भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । केहि उदाहरणहरु

| भौ.नं मिति | बिबरण | कैफियत |
|---|---|---|
| २०-०७४/०९/२८ | अनुगमन मुल्याकन तथा भ्रमण खर्च | ९०२०० |
| ,, | ,, | ९६२६० |
| ४११-२०७५.०३.०४ | ,, | २५६०० |
| ४७२-०७५/०३/०८ | भ्रमण खर्च | ६२५०३४ |
| ५८०-०७५/०३/२३ | ,, | १००००० |
| ५८९-०७५/०३/२९ | ,, | ५०००० |
| ५९७-०७५/०३/२२ | ,, | २७००० |
| ६७०-०७५/०३/३२ | भ्रमण खर्च | ६०६५९५ |
| ६४९-०७५/०३/३१ | ,, | २००००० |
| | जम्मा | १८,२०,६८९/- |


७. **कानुन निर्माण पुर्बको पदाधिकारी सुबिधा :–** प्रदेश सरकार ७ ले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५ असार ३ गते प्रदेश ७ को राजपत्रमा प्रकासित गरि "स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सुबिधा सम्बन्धी ऐन २०७५" बनाएको छ । ऐन को दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसुची २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही सुरु गरेको मितिदेखि अनुसुची १ बमोजिमको रकममा नबढ्ने गरि स्थानिय तहको आन्तरीका श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउनेछन भन्ने व्यबस्था रहको छ । जसअनुसार संचार सुबिधा तथा मासिक सुबिधा जस्ता आर्थिक व्ययभार पर्ने दफाहरु राजपत्रमा ऐन प्रकाशित मिति भन्दा ११ महिना पहिले देखिनै लागु हुने गरि बनाएको देखिन्छ । जसबाट ४४ जना जनप्रतिनिधिहरुलाई ऐन लागु हुनु भन्दा अघिको ११ महिनाको रु ४७,६६,०००।- कार्यालयले उपलब्ध गराएको छ । | |
| ८. | **कानुन बेगरको खर्च -**२०७५ असार ३ गते प्रदेश ७ को राजपत्रमा प्रकासित गरि "स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन २०७५" मा स्थानिय तहका जनप्रतिनिधिको सेवा सुबिधाको सम्बन्धमा व्यबस्था रहेको छ। जसअनुसार गाँउपालीका अध्यक्ष, उपाध्यक्ष तथा गाँउसभाको सदस्यको सुबिधा सम्बन्धमा व्यबस्था रहेको छ । ऐनमा उल्लेख भए अनुसार गाँउ सभाका सदस्यहरुले मासिक सुबिधा, सञ्चार सुबिधा दैनिक भ्रमण भत्ता, यात्रा बिमा सम्बन्धमा मात्र उल्लेख छ । गाँउपालीकाको ४४ जना पदाधिकारीहरुको लागी गाँउसभाको मिति २०७४/०५/१२ देखि २१ सम्म बसेको बैठक निर्णयले ऐन नियममा नभएको षोशाक खर्च लेखेको नियमसम्मत नदेखिएको रु ...... | १०,०००,००/- |
| ९. | **ईन्धनको लगवुक:** कुनै पनि कार्यालयले ईन्धन खर्च लेख्दा सबारी लगबुक तयार गरी राख्नु पर्दछ । नगरपालीकामा रहेका सबारीसाधनको ईन्धनबापतको खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरि केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरि ईन्धन खर्च लेख्ने गरेको पाईयो तसर्थ यसरी सबारी साधन बाईज लगबुक नराखिँदा ईन्धन खर्च व्यबस्थीत नदेखिएकोले ईन्धन कोटा परिमाण तोकि व्यबस्थीत रुपले खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ । केहि उदाहरणहरु<br>भौ.नं मिति — खर्च रकम<br>४५१-०७५/०३/०५ — १५,१७५/-<br>६३८-०७५/०३/३२ — १०३१३२/८२<br>६२७-०७५/०३/३२ — २६,६४०/-<br>६२९-०७५/०३/३२ — १९५१८/४० | |
| १०. | **नभएको कामको भुक्तानी :**सार्बजनिक खरिद नियमाबली २०६४ को ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ भन्ने व्यबस्था रहेको छ । डुडुबा सिँचाई कुलो मर्मत उपभोक्ता समितिले भौनं.२९५।०७५।०२।३१ बाट कुलो मर्मत बापत कार्यसम्पन्न गरि बिल भरपाई पेश गरेकामा लागत अनुमान अनुसारको खरिद बिलहरु सँलग्न नगरि केबल डोरहाजीरि सँलग्न गरेको देखियो । लागत अनुमान अनुसार माटो काट्ने कार्यको लागी रु.३६,०००।०० र एच.डि. पाईप खरिदको लागी रु १,७५,०००।- समेत रु २,११,०००।- को लागत अनुमान तयार भएकोमा उपभोत्ताले कार्यसम्पन्न गरि बिल भरपाई पेश गरकोमा रु.२,१७,५००।- को डोरहाजिरी र १२,२५०।- को सिमेन्ट खरिदको बिलमात्र सँलग्न गरि खर्च लेखेको देखियो । यसरी पाईप नै खरिद नगरि गरको कार्यको स्पष्ट आधार नदेखिएको तथा श्रेस्ता परिक्षणबाट काम भएको नदेखिएकोले उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु....... | २,००,०००/- |
| ११. | **कर बिजक :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ (१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने व्यवस्था छ । बीजकमा आपनो नाम, ठेगाना, स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बरसहितको बीजक जारी गर्नुपर्ने र दफा १४ (२) अनुसार बीजकको ढांचा तोकिए बमोजिम हुने उल्लेख छ । गाँउपालीकाले देबाल मेल्चाखान उपभोक्त समितिले पेश गरेको रु २,४०,०००।- बिलमा मनकामना निर्माण सेवाको हातले लेखेका कर बिजक सँलग्न भएकोले ( | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | मु. अ.कर रकम रु ३१,२००।-) भूत्तानी गरेकोमा सक्कल बिल सँलग्न नगरि भूक्तानी गरेकोले मु.अ. कर समाायोजन बिबरण पेश हुनुपर्ने रु...... | ३१२००/- |
| १२. | **बिल भरपाई :–** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नुपर्दछ। गाँउपालीकाले कार्यालय सामानबापत बिरेन्द्र शाह ट्रेड एण्ड सप्लायर्सलाई रु २१०००।०० भुत्तानी गरेकोमा बिल भरपाई बेगर खर्च लेखेकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | २१,०००/- |
| १३. | **पिक अप मोटर खरिद-** सार्बजनिक खरिद नियमालबी २०६४ को नियम ११ मा स्पेसिफिकेशन बमोजिम खरीद गर्ने सामानको लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । गाँउपालीकाले मु.अ.कर बाहेक रु ७०,६७,१४०।९६ को लागत अनुमान स्विकृत गरि खर्च लेखेको देखियो । के आधारमा उक्त लागत अनुमान तयार गरेको हो खुल्न आएन । उक्त गाडी खरिदको लागी २०७५।१।०७ मा ई बिडिङ गरेकोमा युनाईटेड टेर्डस सेण्डीकेट प्रा.ली को एकमात्र बोलपत्र परेको र उक्त प्रा.लीको बोल अँक मु.अ.कर बाहेक ७०,०१,७६९।९१ लागत अनुमान भन्दा ०.९२५ घटी भनि स्वीकृत गरि खरिद गरेको छ । खरिद पश्चात गाडीको पछाडी सामान राख्दा पानीबाट वचाउन नसकिएको भनि थप रु ४२५०००।०० खर्च गरि हुट कभर थप गरि सँचालनमा ल्याएको छ । सुरुमै कस्तो गाडी खरिद गर्दा उपयुक्त हुन्छ त्यसमा ध्यान पुर्‍याएको देखिएन । | |
| १४. | **जाल्पादेबि मन्दीर निर्माणः-**मन्दीर निर्माण जिणोद्धार समिति र गाँउपालीकाबिच रु ५०,००,०००।- मा मिति २०७५।०१।२० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरि २०७४।७।२५ मा सम्झौता भएको देखिन्छ । लेखा परीक्षण अबधिसम्म पहिलो बिलबाट रु १६,००,०००।-को काम सम्पन्न गरेको भनि भुत्तानी दिएको र बाँकी कामको लागी थप रु १६,००,०००।- म्याद सतेत थप नगरी दोहारो पेश्की दिएको देखियो । उपभोत्ता समितिले म्याद थपको लागी निबेदन समेत दिएको देखिएन। सो निर्माण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुासर रहेका छनः- | |
| १४.१. | लागत अुनमान रु ५०,००,०००।- मा जमिन खरिदको लागी रु २०,००,०००।- उल्लेख भएकोमा जग्गाा खरिद गरेको छैन । | |
| १४.२. | लागत अनुमानको तयारी गर्दा स्टोन मेसिनरीको काम १:६ रेसियोमा गर्ने भनि प्रति घ.मी रु १०,८५०।- दर कायम गरेकोमा प्रथम बिलको भुत्तानी गर्दा १:४ रेसियोमा काम गरेको देखाई बढि दर रु १३८००।- ले सम्पन्न काम ९२.२८ घ.मी.को लागत दर ले हुने भन्दा बढि खर्च लेखेको देखियो । रेसियो परिबर्तन गर्नुपर्ने कारण पेश नभएको हुँदा बढि खर्च लेखेको असुल गर्नुपर्ने रु ...... | २,८९,९२६/- |
| १४.३. | आर. सि.सि स्लाम को काम ३.४१७ घन .मी सम्पन्न गरि दर २५,५५०।- ले र ८७,३०४ खर्च लेख्नुपर्नेमा रु १,७४,६१८।- खर्च लेखी बढि भुत्तानी दिएको असुल गर्नुपर्ने रु...... | ८७,३१४/- |
| १५. | **गाँउसभा व्यबस्थापन खर्चः-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६(८) मा कुनै पनि रकम को भुत्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यबस्था छ । मिति २०७४ भाद्र १३ देखि २१ सम्म कार्ययोजना तयारी एबं स्वीकृति सम्बन्धी गाँउसभा बैठक बसेको भनि निम्नानुसार खर्च लेखेको छ । उक्त सभामा कति जना सहभागी हुने त्यसको लागी के कस्ता खर्च कति लाग्ने, कार्यक्रम पैस्ताव स्वीकृत गरी संचालन गर्नुपर्नेमा सो गरको देखिएन । सभा १३ देखि २१ सम्म चलेको भनेता पनि २१,२२ र २३ गतेको मात्र उपस्थिति पेश भएको छ । स्पष्ट आधारबेगर बिल भरपाई सँलग्न राखि गरेको खर्च नियमित छ भन्न सक्ने आधार नभएको रु..... | ५,१८,७६०/- |

| भौ.नं मिति | बिबरण | रकम |
|---|---|---|
| २-०७४/०६/०१ | खाजाखाना खर्च १४ गते | १३०७६० |
| ४-०७४/०६/०४ | गाडी भाडा | ६२००० |
| ५-०७४/०६/०४ | खाजा खाना बिभिन्न मितिमा | ६०००० |
| ६-०७४/०६/०१ | परिषदका पदाधिकारी १४४ जनाको ३ दिनको | २३६००० |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table><tr><td>७-०७४/६/१</td><td>स्टेशनरी</td><td>३००००</td></tr><tr><td></td><td>जम्मा</td><td>५,१८,७६०/-</td></tr></table></td><td></td></tr>
<tr><td>१६.</td><td>निजी श्रोतका शिक्षकको तलब :- स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ११(ज) को २ मा गाँउपालीकाले सामुदायीक बिद्यालय स्थापन , अनुमति व्यवस्थापन, सँचालन, नियमन गर्न सक्ने तथा सामुदायीक बिद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्नसक्ने उल्लेख छ। गाँउपालीकाले आफु मातहत रहेका बिद्यालय, बिद्यार्थी र शिक्षकको दरबन्दी स्वीकृत गरको देखिएन । विद्यालय शिक्षा संचालन व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७४ को बुँदा नं.१०३ मा प्रतिश्पर्धाबाट स्थायी नियुक्ति नभएसम्म साविक देखि कार्यारत निजी स्रोतका शिक्षकलाई पहिलो पटकका लागि पैथम गाँउसभाबाट निश्चित मापदण्डको आधारमा पारित तलव भत्ता यस कार्यविधीबमोजिम भुक्तानी दिएको मानिने उल्लेख छ । सोही आधारमा शिक्षा कार्यालयबाट स्वीकृत लिएका तर शिक्षक दरबन्दी स्वीकृत नभएका बिद्यालय १० र दरबन्दी स्विकृत भएका तर शिक्षक नपुग भएको भनिएका ३७ बिद्यालय समेत ४७ बिद्यालयमा ११२ अतिरिक्त निजी श्रोतका शिक्षक राखि गाँउसभाको २०७४।०५।१२ देखि २१ सम्म बसेको बैठकबाट निर्णय गराई रु १,४९,६४,८३५।- निकासा दिएको देखियो । बिद्यालय शिक्षकको आबश्यकता पहिचान एबं दरबन्दी स्वीकृत गरी बिद्यालय, शिक्षक एब बिद्यार्थी सँख्याको आधारमा बिद्यालय मिलान गर्ने वा थप शिक्षक दरबन्दी स्वीकृत गरि शशर्त शिक्षा बजेटबाट खर्च लेख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सिधै खरिद :- सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ अनुसार प्रतिस्पर्धा सिमित हुने गरि खरीद गर्न नहुने र खरीद नियमाबली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढी २० लाख सम्म शिलबन्दी दरभाउपत्र माग गरि खरीद गर्नुपर्नै उल्लेख छ । नगरपालीकाले ५ थान पल्सर मोटरसाईकल सिधै आशिष अटोपार्टस बाट खरिद गरि रु १२,८५,४५६।- भुत्तानी दिएको छ । नियमाबलीको व्यबस्था बिपरित गरेको कार्य नियमिति नदेखिएको रु</td><td>१२,८५,४५६/-</td></tr>
<tr><td>१८.</td><td>म.अ.करमा दर्ता नभएकासँग कारोबार :-सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १९ मा सार्बजनिक निकायले खरिद गर्दा मु.अ.करमा. दर्ता भएको सँग खरिद गर्नुपर्ने व्यबस्था छ । गाँउपालीकाले भौनं.४७-२०७४।०९।२८ बाट दी स्टार मोबाईल ग्यालरी एण्ड सप्लायर्स को प्यान बिल बाट रु १,३८,३००।- को सोलार सामाग्री खरिद गरेको नियमसम्मत नदेखिएको रु</td><td>१,३८,३००/-</td></tr>
<tr><td>१९.</td><td>प्रयोजन नखुलेको खर्च:- आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ मा भुत्तानी दिनुपर्ब रीत पुगे नपुगेको चेक जाँच गरेर मात्र भुत्तानी दिनुपर्ने उल्लेख छ । गाँउपालिकाले गा.पा.अध्यक्ष काठमाण्डौ जाँदा भ्रमण आदेश स्वीकृत गरी प्रयोजन नखुलाई काठमाण्डौ जाँदाको गाडी भाडा एवं इन्धन खर्च लेखेको अनियमित देखिएको रु....<br><table><tr><th>भौ.नं मिति</th><th>बिबरण</th><th>दिन</th><th>भाडा रकम</th></tr><tr><td>२०-०७४/०७/२९</td><td>मिति २०७४।०६।२५ देखि ०७४।०७।०७ सम्मा १४ दिन गाडी भाडा</td><td>१४</td><td>७२०००</td></tr><tr><td>७६-२०७४/०९/२६</td><td>मिति २०७४।०६।२५ देखि ०७४।०७।०७ सम्मा १४ दिन इन्धन खर्च</td><td>,,</td><td>४४०००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>१,१६,०००/-</td></tr></table></td><td>१,१६,०००/-</td></tr>
<tr><td>२०.</td><td>भबन निर्माण पेश्की : गाँउपालीका र श्री बलराम बहुमुखि क्याम्पस भबन निर्माण उ.स बिच भबन निर्माण गर्न मिति २०७४।०५।१५ मा रु ३०,००,०००।- मा सम्झौता भई रु १५,००,०००।- पेश्की दिएको र उक्त काम २०७५।०५।१४ सम्म सम्पन्न गर्ने उल्लेख भएकोमा आर्थिक बर्षको अन्तसम्म कुनैपनि निर्माण भएको देखिएन ।<br>त्यसैगरि गुरुकुल माध्यमति बिद्यालय -प्राबिधिक शिक्षालय स्थापनार्थ ) निर्माण गर्न व्यबस्थापन समिति र गाँउपालीका बिच मिति २०७४।१२।३० मा रु ३०,००,०००।- मा सम्झौता भई १ बर्षभित्र कार्यसम्पन्न गर्ने गरि रु ३०,००,०००।- पेश्की दिएकोमा हालसम्म कुनै पनि काम भएको देखिएन । पेश्की लिई काम नगर्ने व्यबस्थापन पक्ष लाई सचेत गराई निर्माण कार्यको लागी सम्बन्धन समेत लिन नसकेको देखिँदा दुबै क्याम्पसलाई दिएको पेश्की र</td><td>४५,००,०००।-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>४५,००,०००।- असुल गर्नुपर्ने देखिएको रु....</td><td></td></tr>
<tr><td>२१.</td><td>न्युन बजेटका योजना सँचालनः- गाँउपालिकाले यो बर्ष गाँउपालिका पुजिगत बजेट अनुदान शिर्षकबाट जम्मा २७९ कार्यक्रमको लागी बजेट स्वीकृत गरको मध्ये रु.२५,०००।- देखि ५०,०००।- सम्मको २१ र १ लाख सम्मका ४१ समेत ६२ योजना रु.१ लाख भन्दा कम बजेट स्वीकृत गरेको देखियो । यस्ता आयोजना कार्यान्वयन गर्दा लाग्ने लागत भन्दा त्यसको लागत अनुमान तयार गर्ने , निर्माण कार्यको निरीक्षण गर्ने, नापजाँच गर्ने र अनुगमन एवं सार्बजनिक परीक्षण गर्ने कार्यमा बढि खर्च लाग्न सक्ने हुँदा न्युन बजेटका योजना सँचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>नपाउने खर्चः- ढकारी गाँउपालीकाको बडा नं. ८ मा सँचालीत १ दिने पुर्ण सरसफाई अभिमुखिकरण तालीम मा निम्नपदाधिकारीले आतेजाते १६००।- का दरले ३२००।- खर्च लेखीसकेपछि नपाउने थप यातायात खर्च लेखि सकेपछि नपाउने थप यातायात खर्च र क्लास लिएको र तयारीदिनको रु २५००।- भन्दा बढि नपाउनेमा ४५००।- लेखि बढी लेखेको असुल गर्नुपर्ने रु......
<table>
<tr><th>नाम</th><th>थप यातायात खर्च</th><th>कक्षा</th><th>कक्षाा बापतको बढि लिएको</th><th>जम्मा</th></tr>
<tr><td>खेम प्रसाद भट्टराई</td><td>१००००</td><td>२</td><td>३०००</td><td>१३०००</td></tr>
<tr><td>रगबीर रोका</td><td>-</td><td>२</td><td>३०००</td><td>३०००</td></tr>
<tr><td>जानकी उपाध्याय</td><td>-</td><td>२</td><td>३०००</td><td>३०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१९,०००/-</td></tr>
</table></td><td>१९,०००/-</td></tr>
<tr><td>२३.</td><td>राँगो बितरण कार्यक्रमः-ना.प्रा. स्वास्थ्य सहायक श्री नृपप्रसाद भण्डारीले राँगो रु १५०००।- मा खरिद गरी निम्न व्यक्तीहरुलाई बितरण गरको भनि सँलग्न गरको राँगोको फोटो एउटै देखिँदा ३बटा किनि बितरण गरेको छ भन्न सक्ने आधार भएन । अत थप २ राँगो किनि बितरण गरेको पुष्टि हुने आधार प्रमाण पेश हुनुपर्ने रु ....
<table>
<tr><th>सि.नं</th><th>ठेगाना</th><th>पाउने व्यक्तीको नाम</th><th>राँगो</th><th>रकम रु</th></tr>
<tr><td>१</td><td>बडा नं १</td><td>गोमा देबि थापा शोडसादेबि पशु पालन समुह</td><td>१</td><td>५००००</td></tr>
<tr><td>२</td><td></td><td>कमला देबि भण्डारी कालिका पशुपालन समुह</td><td>१</td><td>५००००</td></tr>
<tr><td>३</td><td>बडा नं २</td><td>गजराज साउद</td><td>१</td><td>५००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१५००००/-</td></tr>
</table>

</td><td>१,००,०००/-</td></tr>
<tr><td>२४.</td><td>प्रोत्साहन भत्ताः- गाँउसभाको २०७४ भाद्र २१ गते बसेको प्रथम गाँउसभाको निर्णय नं ३ बाट</td><td>५,९४,८५९/-</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | स्थानिय तहमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनमा थप हौसला प्रदान गर्न ५० प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय अनुसार वित्तिय समानिकरण रकमबाट बिभिन्न ५ कर्मचारीहरुलाई रु ६,९९,८३५।- मा १५ प्रतिशत कर १,०४,९७५।२५ कट्टा गरी रु ५,९४,८५९।७५ भुत्तानी दिएको छ । गाँउपालीकाले आयको आधारमा नियमावलीमा व्यवस्था गरेरमात्र यस्तो खर्च लेख्नुपर्दछ । | |
| २५. | सर्शत अनुदान शिक्षातर्फ<br>**शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । जिल्ला शिक्षा कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गर्नुपर्ने हुन्छ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालीकासँग शिक्षा कार्यालयबाट प्राप्त हुनुपर्ने बिबरण माग गर्दा प्राप्त भएन । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरी शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ। | |
| २६. | **तलबी प्रतिबेदन–** बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ को खण्ड १ (शिक्षक तलब भत्ता सम्बन्धी जानकारी मा आधारभुत तथा माध्यमिक शिक्षकका लागी तलब भत्ताको व्यबस्थापन सम्बन्धमा उल्लेख छ । जसअनुसार स्रोतव्यक्तिको सिफारीस अनुसार स्थानिय तहले सम्बन्धीत बिद्यालयको बैक खातामा मासिक रुपमा तलब भत्ता बापतको रकम निकासा दिनुपर्ने छ साथै स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्नै व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखाना बाट पारित गरी प्राप्त तबली प्रतिबेदनका आधरमा मात्र निकाशा दिनुपर्ने उल्लेख छ ।<br>गाँउपालीकाले आधारभुत तथा माध्य्मिक तहका बिद्यालयहरुको शिक्षकहरुको लागी तलबभत्ता उपलब्ध गराउँदा गाँउपालीकामा कायम बिद्यालयहरुको बिबरण सँलग्न गरि बिद्यालयगत रुपमा तलबी प्रतिबेदन सँलग्न नगरि जिल्लागत रुपमा पारित एकमुष्ठ तलबी प्रतिबदेनको किताब अनुसार खर्च लेखेकोमा कुन स्थानिय तहभित्र कुन कुन बिद्यालयहरु छन खुलाईएको छैन । गाँउपालीका भित्र पर्ने बिद्यालय सँख्या स्पष्ट किटान गरि खर्च लेख्नुपर्दछ ।<br>श्रोतव्यक्तिको सिफारीस बेगर केबल बिद्यालयको माग फारम सँलग्न गरि चौमासिक रुपमा तथा बिभिन्न भौचरबाट बिभिन्न शिक्षकहरुको छुट तलब भनि थप माग फारमहरुका आधारमा खर्च लेखेकोले यकिन गर्न सकिएन । तसर्थ बिद्यालयगत निकासाको अभिलेख तथा मागफारमहरु व्यबस्थीत गरि खर्च लेख्नुपर्दछ । | |
| २७. | **बाल शिक्षा शिक्षीकाहरुको पारिश्रमिक-** बिद्यालय क्षेत्र बिकास कार्यक्रम ( क्षेत्र, जिल्ला, स्थानिय तह ) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ ( मा बिद्यालय र बिद्यालय सँग मातृ सम्बन्ध स्थापना गरि सँचालनमा रहेका प्रारम्भिक वाल बिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागी प्रति महिना रु ६००० का दरले पारिश्रमिक व्यबस्था छ जसको बुदा नं (क) अनुसार सहयोगिको बिद्यालयले सहयोगी कर्मचारीको प्रमाणीत हाजिरी बिबरण सहित सिफारीस गर्नुपर्ने तथा बुदा नं (ग) मा उक्त कार्यकर्ताको लागी निकासा दिंदा सम्बन्धित सँस्थाले शैक्षिक तथ्याँक २०७४ भरि प्रमाणीत भएको यकिन गरेर सम्बन्धित श्रोतव्यक्री तथा बिद्यालय निरीक्षकबाट रुजु | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गराई निकासा दिने र बाल शिक्षा कक्षाहरुको बिवरण अद्यावधिक गर्न लगाई सो को बिवरण जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने व्यबस्था रहेको छ । गाँउपालीकाले उक्त विवरणहरु सँलग्न नगरि यस कार्यक्रम अन्तर्गत शिक्षा केन्दको लागी रु २०,२८,०००।- पारिश्रमिक तथा मसलन्द(बिद्यार्थी सँख्या अनुसार) खर्च लेखेको छ । जसबाट प्रारम्भिक बाल बिकास शिक्षाका लागी व्यवस्थीत रुपमा कार्य सम्पन्न भएको हो होईन यकिन हुन आएन । तसर्थ निर्देशिकाअनुरुप प्रगति प्रतिबदेन , हाजीरि विवरण सँलग्न गरि मात्र खर्च लेख्नुपर्दछ । | |
| २८. | **सिकाई सामाग्री लागत भन्दा बढी भुक्तानी :** बिद्यालय क्षेत्र बिकास कार्यक्रम ( क्षेत्र, जिल्ला, स्थानिय तह ) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ बुँदा नं ख मा एकिन गरिएको प्रत्येक तहगत बिद्यार्थी सँख्याले निर्धारण गरिएको प्रतिबिद्यार्थी लागतले गुणन गरि आएको रकम बराबर बिद्यालयलाई एकमुष्ठ रकम दिने व्यबस्था रहेको छ । जसअनुसार आधारभुत तह (१देखि ५) को लागी रु १५०।- तथा माध्यमिक तह (९ देखि १०) को लागी २००।०० तोकिएकोमा गाँउपालिकाले निम्नानुसार बढि दरले रकम उपलब्ध गराएकोले असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु... | ३,२१,२००/- |

| सि.नं | कोड नं | बिद्यालयको नाम | कक्षा १ देखि ५ सम्म बिद्यार्थी सँख्या | **(रु ५० ले)बढि लेखेको रु** | कक्षा १ देखि ५ सम्म बिद्यार्थी सँख्या | **(रु ५० ले)बढि भुक्तानी रु** | **जम्मा बढि भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| १ | ६९०२१०००१ | विश्वज्योती नि.मा.वि. | २२६ | ११३०० | | ० | ११३०० |
| २ | ६९०२१०००४ | गुरुकुल मा.वि. | २७४ | १३७०० | १३२ | ६६०० | २०३०० |
| ३ | ६९०२१००११ | जगनाथ आदर्श प्रा.बि. ९कारी | ४९ | २४५० | ० | ० | २४५० |
| ४ | ६९०२१०००३ | जाल्पादेवी प्रा.वि. | ७७ | ३८५० | ० | ० | ३८५० |
| ५ | ६९०२१०००६ | कृष्a प्रा.वि. बासल्ला | ८४ | ४२०० | ० | ० | ४२०० |
| ६ | ६९०२१०००५ | मदनआश्रित प्रा.वि. | ९५ | ४७५० | ० | ० | ४७५० |
| ७ | ६९०२१००१० | श्री सरस्वती प्रा.बि. डुफा ढकारी | १६० | ८००० | ० | ० | ८००० |
| ८ | ६९०२१०००२ | विश्वज्योती नि.मा.वि. | १३४ | ६७०० | ० | ० | ६७०० |
| ९ | ६९०३०००१६ | दिपज्योति प्रा.वि. हिच्मा | ७२ | ३६०० | ० | ० | ३६०० |
| १० | ६९०३००००२ | गौरीशंकर नि.मा.वि. जुतीताली | १४२ | ७१०० | ० | ० | ७१०० |
| ११ | ६९०३००००१ | जाल्पादेवी प्रा.वि. | २३७ | ११८५० | ० | ० | ११८५० |
| १२ | ६९०३०००१३ | जनसेवा प्रा.वि. बेराजु | ४८ | २४०० | ० | ० | २४०० |
| १३ | ६९०३००००४ | कालिकादेवी उ.मा.वि. | २४३ | १२१५० | १४५ | ७२५० | १९४०० |
| १४ | ६९०३०००१० | मालिका मा.वि. टिमु | ४२ | २१०० | ० | ० | २१०० |
| १५ | ६९०३००००३ | पञ्चज्योती प्र.नि.मा.वि. गलवाल | १९५ | ९७५० | ० | ० | ९७५० |
| १६ | ६९०३००००६ | पुस्तिका प्रा.वि. हिच्मा | ६७ | ३३५० | ० | ० | ३३५० |
| १७ | ६९०३००००५ | सरस्वती ि.मा..वि. बडीरुख | १६७ | ८३५० | ० | ० | ८३५० |
| १८ | ६९०३००००८ | शिशुसुधार प्रा.वि. | ९१ | ४५५० | ० | ० | ४५५० |
| १९ | ६९०३००००७ | सूर्य प्रा.वि. ठुलासैन | ४९ | २४५० | ० | ० | २४५० |
| २० | ६९०७४०००३ | गोकुल प्रा.वि. मैकाडाडा | १७१ | ८५५० | ० | ० | ८५५० |
| २१ | ६९०७४०००४ | ज्ञानमन्दिर मा.वि. करोड | १५९ | ७९५० | ५४ | २७०० | १०६५० |
| २२ | ६९०७४०००१ | कागेश्वरी प्रा.वि. भिरमोड | १२३ | ६१५० | ० | ० | ६१५० |
| २३ | ६९०७४०००६ | कालिका प्रा.वि. तिखान | १७९ | ८९५० | ० | ० | ८९५० |
| २४ | ६९०७४०००२ | मालिका प्रा.वि. दाउनामोरा | ७२ | ३६०० | ० | ० | ३६०० |
| २५ | ६९०७४०००५ | मनकामना मा.वि. बलाता | २९० | १४५०० | ६९ | ३४५० | १७९५० |
| २६ | ६९०७४००१० | सरस्वती सा.प्रा.वि. | ६५ | ३२५० | ० | ० | ३२५० |
| २७ | ६९०२६०००८ | अष्टशिश्री मा.वि. ढुगाचाल्ना | १७६ | ८८०० | १०९ | ५४५० | १४२५० |
| २८ | ६९०२६००१४ | बालप्रगतिशील प्रा.वि. लाम्पाटा | ९२ | ४६०० | ० | ० | ४६०० |
| २९ | ६९०२६०००६ | भगवती प्रा.वि. सल्लेघारी | १३७ | ६८५० | ० | ० | ६८५० |
| ३० | ६९०२६००१० | जनकल्याण प्रा.वि. जोगीपानी | ७० | ३५०० | ० | ० | ३५०० |
| ३१ | ६९०२६०००४ | कालिकादेवी प्रा.वि.सल्लेरी | ५७ | २८५० | ० | ० | २८५० |
| ३२ | ६९०२६००१३ | कालिका मन्दिर प्रा.वि. सेरा | ६५ | ३२५० | ० | ० | ३२५० |
| ३३ | ६९०२६०००७ | कर्मचन्द्र नि.मा.वि. अमगाउ | १७१ | ८५५० | ० | ० | ८५५० |
| ३४ | ६९०२६०००१ | मालिका मा.वि. | १२६ | ६३०० | २९ | १४५० | ७७५० |
| ३५ | ६९०२६००१२ | मनकामना प्रा.वि. मोय | १५२ | ७६०० | ० | ० | ७६०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | ६९०२६०००५ | पञ्चकन्या प्रा.वि. मैकाडाडा | १४२ | ७१०० | ० | ० | ७१०० |
| ३७ | ६९०२६०००९ | पञ्चज्योती नि.मा.वि. चिटेखाल | १३३ | ६६५० | ० | ० | ६६५० |
| ३८ | ६९०२६००१७ | श्री पशुपतीनाथ जनकल्याण प्रा.वि. | १४७ | ७३५० | ० | ० | ७३५० |
| ३९ | ६९०२६००११ | श्री सरस्वती प्रा.वि. डुफा | ६९ | ३४५० | ० | ० | ३४५० |
| ४० | ६९०२६०००३ | त्रिपुरेश्वरी नि.मा..वि. थारम | १५३ | ७६५० | ० | ० | ७६५० |
| ४१ | ६९०२४०००८ | विश्वज्योती प्रा.वि. | ५८ | २९०० | ० | ० | २९०० |
| ४२ | ६९०२४०००८ | शान्ति प्रा.वि. मैथुन | ८८ | ४४०० | ० | ० | ४४०० |
| ४३ | ६९०२४०००२ | वि.पि.स्मृती नि.मा.वि.. मानापोखरा | ११७ | ५८५० | ० | ० | ५८५० |
| ४४ | ६९०२४०००७ | श्री सरस्वती प्रा.वि. | ८९ | ४४५० | ० | ० | ४४५० |
| ४५ | ६९०२४०००४ | शिशुसुधार प्रा.वि. | १६१ | ८०५० | ० | ० | ८०५० |
| ४६ | ६९०२४०००६ | त्रिपुरासुन्दरी निमा.ा.वि. माझी | १२५ | ६२५० | ० | ० | ६२५० |
| ४७ | ६९०२४०००७ | जनता प्रा.वि. | ४७ | २३५० | ० | ० | २३५० |
| | | | ५८८६ | २९४३०० | ५३८ | २६९०० | ३,२१,२००/- |

२९. **पाठ्यपुस्तक निकासामा बढि खर्चः--** बिद्यालय क्षेत्र बिकास कार्यक्रम ( क्षेत्र, जिल्ला, स्थानिय तह ) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ कक्षा १ देखि १० सम्म अध्ययनरत बिद्यार्थीहरुका लागी पाठ्यपुस्तक अनुदान अन्तर्गत बुँदा नं ३ मा पाठ्यक्रम बिकास केन्द्रबाट स्वीकृत दर बमोजिम पाठ्यपुस्तकको लागी अुनदान दिईने तथा पाठ्यपुस्तकको कक्षागत दर प्राप्त भएपछि शिक्षा बिभागको बेब साईटमा राखिनुका साथै जिल्लाहरुमा समेत पठाईने उल्लेख छ। स्थानिय तहले सोहि दर अनुसार बिद्यायलय पाठ्यपुस्तकको लागी खर्च लेख्नुपर्नेमा ९ कक्षाको दर रु ४४३।- तथा १० कक्षाको लागी रु ४५१।- अनुसार खर्च लेख्नुपर्नेमा क्रमश रु ५९६।- र ५९५।- (क्रमश रु १५३।- र १४४।- बढिको दरले) ले खर्च लेखेको निर्देशिका भन्दा बढि भुक्तानीको आधार पेश नभएकोले खर्च लेखेको असुल हुनपर्ने रु....... — ७९,५९४/-

| सि नं | कोड नं | बिद्यालयको नाम | कक्षा ९ बिद्याथी सँख्या | बढि भुत्तानी | कक्षा १० बिद्याथी सँख्या | बढि भुत्तानी | जम्मा बढि भुत्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | ६९०२१०००४ | गुरुकुल मा.वि. | ६० | ९१८० | ७२ | १०२९६ | १९४७६ |
| २ | ६९०३००००४ | कालिकादेवी उ.मा.वि. | ७८ | ११९३४ | ६७ | ९५८१ | २१५१५ |
| ३ | ६९०७४०००४ | ज्ञानमन्दिर मा.वि. करोड | २७ | ४१३१ | २७ | ३८६१ | ७९९२ |
| ४ | ६९०७४०००५ | मनकामना मा.वि. बलाता | ३९ | ५९६७ | ३० | ४२९० | १०२५७ |
| ५ | ६९०२६०००८ | अष्टशिद्धी मा.वि. ढुगाचाल्ना | ४९ | ७४९७ | ६० | ८५८० | १६०७७ |
| ४ | ६९०२६०००१ | मालिका मा.वि. | १३ | १९८९ | १६ | २२८८ | ४२७७ |
| | | | | | | जम्मा | ७९५९४ |

३०. **बिल भरपाई :–** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नुपर्दछ। गाँउपालीकाले बिभिन्न बिद्यालयहरुलाई उपलब्ध गराएको तबली भरपाईको तेरीज अनुसार रु४५८३४५।- खर्च लेख्नुपर्नेमा रु ४६४०००।- खर्च लेखेकोले बिल भरपाईभन्दा बढि खर्च लेखेको असुल गर्नुपर्ने रु.. — ५,६६०/-

३१. सामाजिक सुरक्षा भत्तातर्फ

**जेष्ठ नागरिक अशक्त अपाँग, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा भक्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२, बमोजिम यो वर्ष रु.४करोड ७५ लाख ३५ हजार खर्च गरेको देखियो । लेखापरिक्षणको क्रममा भत्ता पाउनेको स्रेस्ता पेश भएकोमध्ये २ बटा बडाहरु १ र ५ नं छनौट गरि परीक्षण गरिएको छ । स्थानिय निकायले सामाजिक सुरक्षा भत्ता व्यबस्थापन कार्यबिधि अनुरुप लाभग्राहिको फोटोसहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालिकाले उपलब्ध गराएको MIS बिबरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बनधमा लेखापरीक्षणबाट व्यहोरा देहायबमोजिम रहेका छन | |
| ३१.१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा २९ मा गाँउपालिका/नगरपालिकाले आफ्नो क्षेत्र भित्र वितरण गरिएको भत्ता चौमासिक/बार्षिक विवरण अध्यावधिक गरि अनुसुचि ८ बमोजिमको ढाँचामा स्थानिय बडाले गाँउपालीका/ नगरपालिकामा पठाउनुपर्ने व्यवस्था छ। यस कार्यालयमा उक्त विवरण तयार गरिएको देखिएन । कार्यविधिमा भएको व्यवस्थाको कार्यन्वयन भएको पाईएन । विवरण तयार नहुँदा विवरण अध्यावधिक नहुने र आन्तिरिक नियन्त्रणमा असर पर्ने देखिन्छ । कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ । | |
| ३१.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा १५ (ङ) अ मा उपदफा (२) मा तोकिएका दिनहरूमा भत्ता/वृत्ति/अनुदान भुक्तानी गर्दा गाँउपालीकाले ले प्रक्रिया मिलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ, प्रत्येक गाँउपालिकामा भत्ता/वृत्ति/अनुदान वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघसंस्थाका प्रतिनिधि र स्थानीय भद्रभलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति गाउँपालिकामा सूचना पाटीमा टाँस गर्ने र एक प्रति लेखा परीक्षणको लागि भर्पाईसँग राख्नु पर्ने उल्लेख छ । गाँउपालीका स्थित वडाहरुले सामाजिक सुरक्षा भत्ता वितरण गरेको मुचुल्का तयार गरि सँलग्न गरेको पाईएन । जसले गर्दा बास्तबिक रुपमा लाभग्राहीले मात्र भत्ता बुझिलिएको बारेमा स्पष्ट रुपमा यकिन गर्ने आधार भएन । | |
| ३१.३. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को दफा नं २७ मा स्थानिय निकायले भत्ता वृत्ति वितरण प्रक्रियाको निरीक्षण, अनुगमन गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरी अनुगमन गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट त्यस्तो अनगुमन तथा निरीक्षण गरेको जनाउने प्रमाण पेश हुन आएन । जसले गर्दा कार्यबिधिमा उल्लेख भएबमोजीम हुनुपर्ने पारदर्शिता कायम भयो भन्नसक्ने आधार देखिन आएन । | |
| ३१.४. | MIS भिडानः- सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहोरिएर आउने लगायत समस्या देखिएकोले केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ । गाँउपालीकाबाट प्राप्त MIS अनुसार डाटा भिडान गरि हेर्दा निम्नानुसार भिड्न नआएकोले आधारप्रमाण बेगर भुक्तानी दिएको देखिएको रु.... | ५५,२००/- |

| भत्ताको प्रकार | बडा नं | नागरिकता प्र.नं | लाभग्राहीको नाम | कैफियत | बिबरण सच्याउदा थप भएको रकम |
|---|---|---|---|---|---|
| जेष्ठ नागरिक दलित | १ | ६९३०६५/६५९ | नन्नी टमाटा | डाटाअनुसार जन्ममिति २००८।१२।३० भएकोमा सच्याई १९८७।०८।०४ कायम गरको | ८००० |
| ,, | १ | ६९३०६५/५९७ | सुकी ढोली | डाटाअनुसार जन्ममिति २००८।०६।३ भएकोमा सच्याई १९९८।०४।०५ कायम गरको | ८००० |
| जेष्ठ नागरिक महिला | १ | ६९१०६५/२१६१७ | मैसरा जैसि | डाटाअनुसार जन्ममिति २०००।०१।०४ भएकोमा सच्याई २०००।०१।०४कायम गरको | १२००० |
| जेष्ठ नागरिक अन्य | १ | ६९३०६५/२८ | मना बिष्ट | दोश्रो र तेश्रो चौमासिकको भरपाईमा नाम थप भएको | १६००० |
| बालसँरक्षण अनुदान | १ | | बिनोद देबकोटा | दुई चौमासिकमा नाम थप भएको | ३२०० |
| ,, | १ | | चन्द्र कुँबर | ,, | ३२०० |
| बाल संरक्षण अनुदान | ५ | | मनिशा ढोली | MIS मा लगतमा नाम नभएको | ४८०० |
| | | | | जम्मा | ५५,२००/- |

उक्त दुई वडाको रु.१,३२,०९,२००/- को भरपाई परीक्षणबाट नाम सच्याइएको, जन्ममिति केरमेट गरेको, नाम थप गरेको, MIS मा लगत नभएको लगायत व्यहोरा देखिएकोले अन्य

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | वडाबाट वितरण भएको रकम समेत देखिएकोले अन्य वडामा वितरण गरेको रकम रु.३ करोड ४३ लाख २६ हजार गाँउपालिकाबाट छानबिन गरी खर्च यकिन गर्नुपर्दछ । | |
| ३१.५. | **परिचयपत्र बितरण** :– सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरि परिचयपत्र प्राप्तिका लागी अनुसुचीहरुमा तोकिएको ढाँचामा फारमहरु गा.पा / नगरपालीकाले निशुल्क उपलब्ध गराउने ,साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नबिकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरि भक्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा  कार्यालयले उपलब्ध गराएको MIS र भक्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरि भक्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षीत बर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शिघ्र  परिचयपत्र बितरण गरि आर्थिक अनुसासन कायम गराउनुपर्ने देखिन्छ । | |
| ३१.६. | **सामाजिक सुरक्षा समन्वय समिति** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालीका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका  गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी  परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या  र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| ३१.७. | **जेष्ठ नागरिक औषधि उपचार खर्च** - नेपाल सरकारले आ.ब.२०७१।७२ को बजेट बक्तब्य मार्फत  लागु भएको राज्यका ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई औषधी उपचार खर्चको रुपमा रकम उपलब्ध गराउने निर्णय गरेकोमा गाँउपालीकाले  आ.व. २०७४।७५ मा औषधि उपचार बापतको रकम  वितरण गर्दा  उमेर पुगेका प्रत्येक गाँउपालीका  तथा नगरपालिकाको सबै ज्येष्ठ नागरिकहरुको छुट्टै लगत खडा गरी राखेको पाइएन । यसले स्पष्ट लक्षित समुहको वर्गीकरण गरी ७० वर्ष उमेर समूहका सबै नागरिकलाई जेष्ठ नागरिकमा अद्यावधिक गरी लगत खडा गर्नुपर्ने देखिन्छ । | |
| ३१.८. | **भत्ता रकम बितरण-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ (क) अनुसार गाँउपालीका नगरपालीकाले प्रथम चौमासिकको  असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र तथा तेश्रो चौमासिक जेठ १ गतेबाट दोश्रो हप्ताभित्र  भुक्तानी गरिसक्नुपर्नै व्यवस्था रहेको छ । गाँउपालीकाले चौमासिक रुपमा पेश्की उपलब्ध गराई सेबाग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्नेमा दोश्रो र तेश्रो चौमासिकको एकैपल्ट (२०७४।०३।२१ गते मात्र ) पेश्की दिई भरपाई सँलग्न गरि फछ्र्यौट गरेको छ । यसबाट कार्यबिधिको पालना भएको मान्न सकिएन । | |
| ३१.९. | **बैक खाता :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार गाँउपालिकाले ग्रामिण इलाकामा बैकिङ्ग सुबिधा नभएकोले वडा सचिवले नगद बितरण गर्ने गरेको छ । अन्य स्थानीय निकायले वडा जनप्रतिनिधिको रोहवरमा बितरण गर्ने गरेता पनि गाँउपालिकाले घरदैलामा नै भक्ता वितरण गर्दा नियन्त्रण तथा सन्तलनको अवस्था नरहेबाट सामाजिक सुरक्षामा भएको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | वार्षिक खर्च आश्वस्त हुने आधार देखिएन । हाल गाँउपालिकामा बैङ्क समेत स्थापना भएको देखिएकोले नियमानुसार बैकिङ्क प्रणली मार्फत भत्ता वितरण गर्नुपर्दछ । | |
| ३२. | **मू.अ.कर समायोजन** :(१, ०७५/१२/२१) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले निशान कम्प्युटर ट्रेडर्सबाट ल्यापटप, सि.सि.क्यामेरा, डेक्सटप कम्प्युटर लगायत सामान खरिद गरी रु.४,५५,५३१/५५ मिति २०७५/१२/१६ को विजक नं.४१५ बाट भुक्तानी गर्दा रु.५२,४०६/२५ मूल्यअभिबृद्धि कर थप गरी भुक्तानी गरेकोमा उक्त फर्म २०७४ चैत्र देखि समायोजन नगरेको अनलाइनबाट देखिएकोले उक्त रकम समायोजन प्रमाण पेश हुनुपर्ने रु........... | ५२,४०६/२५ |
| ३३. | **फरक नामबाट विजक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाँउपालकिाले मिति २०७५/०३/०६ मा एस.के.निर्माण सेवा(६००२६१८८०)लाई रु.४,९५,००३/- (मू.अ.कर समेत) सैनावाडा-टुपवाडा-वण्डलिआन सडक निर्माण कार्य गरेको भुक्तानी दिएको छ। उक्त निर्माण व्यवसायीको आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (PAN) भिडान गर्दा उक्त फर्महरु स्थायी लेखा नम्बर अष्टसिद्धि निर्माण सेवाको रहेको पाइयो । यस्तो अबस्थामा मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यवसायीले मूल्यअभिबृद्धि कर संकलन गरेको देखिएकोले निर्माण व्यवसायीलाई जिम्मेबार बनाई भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रकम र नियमानुसार सो मा लाग्ने शुल्क तथा जरिबाना समेत सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु...... | ४,९५,००३/- |
| ३४. | **भागिनी संस्थाको भवन निर्माण अनुदान** : गाँउपालिकाले यसवर्ष मंगलसेनमा निर्माण भएको बि.पी.स्मृति भवन निर्माण उपभोक्ता समितिलाई रु.५ लाख अनुदान दिई पहिलो तल्लाको वाल र झ्याल ढोकाको चौकोस निर्माण कार्य सम्पन्न गरेको कार्य सम्पन्न तयार गरेको छ । राजनीतिक दलको भागिनी संस्थाको भवन निर्माण गर्नका लागि सबै नगरपालिका र गाँउपालिकाबाट अनुदान संकलन गरी निर्माण कार्य गरी सबै नगरपालिका र गाँउपालिकाबाट आफआफ्नो तरिका र अनुदान अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्दै जाँदा उक्त भवनको लागत स्थिति र रकम यथार्थ हुने पनि देखिदैन । गाँउपलिकाको रकमबाट भागिनी संस्थालाई दिएको अनुदान रकम नियमित नदेखिएको रु.......... | ५,००,०००/- |
| ३५. | **चिउरी प्रशोधन मेशिन खरिद** : गाँउपालिकाको मिति २०७४/०५/२१ मा बसेको गाँउसभा बैठकको निर्णय अनुसार गाँउपलिकामा चिउरी प्रशोधन उद्योग स्थापना गरी रोजगारी एवं आम्दानी गर्ने उद्धेश्यले यसवर्ष रु.१३,२७,०९९/- लागतमा मेशिनका एसेम्बलिङ्ग पार्टसहरु खरिद गरी राखेको पाइयो । उद्योग स्थापनाको उद्धेश्य सकरात्मक रहेता पनि सो उद्योग स्थापना गरी बजारीकरण गर्ने व्यवसायीक योजना गाँउपालिकाबाट स्वीकृत गरेको देखिएन । उद्योग स्थापनाका लागि पूर्ववत भौतिक पूर्वाधार तयार नगरी मेशिन खरिद गरेबाट लगानीको उचित प्रतिफल सहज रुपमा प्राप्त हुने अवस्था देखिदैन । लगानी पूर्ण सदुपयोग भए गाँउपालिकाको आय आर्जन एवं रोजगारी सृजना समेतमा योगदान रहनेगरी रणनीतिक व्यवसायीक योजना तयार गरी खरिद भएको मेशिन चालु गर्ने वातावरण तयार गर्नेतर्फ गाँउपालिकाको ध्यान जानु पर्दछ । | |
| ३६. | उपभोक्ता समितिबाट निर्माण कार्य<br>उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् : | |
| ३६.१. | **भाडा कर** : आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा निम्न उपभोक्ता समितिलाई ग्रामिण सडकको काम पुरै मेशिनबाट गर्नेगरी लागत अनुमान तयार गरी भुक्तानी दिंदा कर बिजक पेश नगरेको, डोजर भाडा संझौताको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | रकममा १.५ प्रतिशत कर कट्टा गरेको देखियो । कर बिजक पेश नगरी भाडा भुक्तानी गर्दा १० प्रतिशत भाडा कर असुल गर्नपर्नेमा नगरेकोले घटी कर रकम असुल गर्नुपर्ने रु... | ६,९७,९०५/- |

| भौ.नं मिति | उ.स.को नाम | भुक्तानी पाउनेको नाम | संझौता रकम | १० % कर | असुल रकम | बाँकी असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| १०,०७४/६/०१ | ढकारी-चाइरा-रिमा ग्रा.स.नि.उ.स. | भक्त बहादुर शाही | १८५३५९९ | १८५३५९ | ३०००० | १,५५,३५९/- |
| १५,०७४/६/०१ | घोडासेन-ढकारी-पुन्यपाटा स.नि.उ.स. | श्याम बहादुर साउद | २३८१२५० | २३८१२५ | ३७५०० | २,००,६२५/- |
| २३, ०७४/७/१९ | घोडासेन-ढकारी-पुन्यपाटा स.नि.उ.स. | श्याम बहादुर साउद | ९३७५०० | ९३७५० | १५००० | ७८,७५०/- |
| ३५, ०७४/८/११ | ढकारी-चाइरा-रिमा ग्रा.स.नि.उ.स. | भक्त बहादुर शाही | १८७५००० | १८७५०० | ३०००० | १,५७,५००/- |
| ३६, ०७४/८/११ | ढकारी-डुफा-घोडासैन स.नि.उ.स. | श्याम बहादुर साउद | ७७२००० | ७७२०० | १२००० | ६५,२००/- |
| ३९, ०७४/९/१८ | ढकारी-टुवाडा बाटो निर्माण | साथी निर्माण सेवा | ४६९८०५ | ४६९८१ | ६५१० | ४०,४७१/- |
| | | जम्मा | ८२८९१५४ | ८२८९१५ | १३१०१० | ६,९७,९०५/- |

३६.२. **मेशिनको प्रयोग:-** सार्बननिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा सँचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राबिधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । अधिकाँश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोत्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो ।

कार्य सम्पन्न गरि भुक्तानीको लागी पेश गरको नापी किताब,कार्यसम्पन्न प्रतिबेदन, प्रमाण तथा बिल भरपाई परीक्षण गर्दा नापी किताब र कार्यसम्पन्न प्रतिबेदन मेशिन प्रयोग गरेको आधारमा तयार गरेको छ । तर सँलग्न बिल भरपाई परीक्षण गर्दा जेसिबिबाट काम गराएको बिजक कम रकमको र मस्टरोलबाट काम गराएको भर्पाई रकम बढि रकमको राखेको देखियो । काम गर्दा मेशिनबाट गर्ने तर बिल भरपाई पेश गर्दा मेशिनबाट काम गराएको कर बिजक कम रकमको राख्ने र बाँकी काामको मष्टरोल भरपाई बनाई राख्ने गरेको छैन भन्न सकिएन । यसबाट कर छलि हुने र कारोबार वास्तबिक हुन नसक्ने देखिँदा यसमा नियन्त्रण गरि डोजर भाडा को बिजक यर्थाथ राख्ने गर्नुपर्ने देखिन्छ । यसरी काम गराएको केही उदाहरणहरु यस प्रकार छनः-

| भौ.नं मिति | कामको बिबरण र उपभोत्ता समिति | मेसिन दर को लागत अनुमान र कार्य सम्पन्न प्रतिबेदन | पेश गरेको मेसिनको भाडा रकम | मष्टर रोलको रकम |
|---|---|---|---|---|
| ११४-२०७४/१०/०२ | चोईटेखाल- बाजकोट ग्रामिण सडक | २२,०८,३४२ | ६७८००० | १५३०३४२ |
| १३९/४०९ | ढुङाचाल्ना कोलिमोर ग्रा.स.नि.उ.स | ६०५५८०४ | १६९५००० | ४३६०८०४ |
| १८९-२०७४/१०/२५ | ढुङगेनेटा-गैराखाल-लोगेघाट ग्रा.उ.स | २२९५९२३ | ६७८००० | १६१७८२३ |
| २६१-३३६-५७० | पुनेपाटा-बताला-बेनीघाट ग्रा.उ.स | ५५३७७०० | १५९५००० | ३९४२७०० |

३६.३. **लागत अनुमान एवं कार्यसम्पन्न:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्दा स्थानीय जिल्ला दररेटलाई आधारलिई निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपलिकाले उपभोक्तालाई सिधै ४.७५ प्रतिशत कन्टीन्जेन्सी कटाई भुक्तानी दिन मिल्नेगरी वजेट रकमको परिधिभित्र रही लागत अनुमान तयार गर्ने र सबै निर्माण कार्यमा लागत अनुमान अनुसारको दररेट र नाँपको नापी किताब र कार्यसम्पन्न तयार गर्ने गरेको छ । निर्माण स्थलको संरचना, माटोको प्रकार लगायत कार्यमा पर्नसक्ने फरकता समेतको बिचार नगरी लागत अनुमान अनुसारको कार्य सम्पन्न गर्ने गरेको निम्न उदाहरणबाट देखिएको छ ।

- गाँउपालिकाबाट प्रयोग भएको नर्म्स अनुसार प्रति घनमीटर माटो काट्ने कार्यमा दक्ष जनशक्ति ०.७ जना दक्ष जनशक्ति र ०.५ जना अदक्ष कामदार लाग्ने तथा स्टोन मेशिनरी कार्यका लागि दक्ष २ अदक्ष ५.२ जना खपत हुने स्थितिमा ४४.८ घनमीटर चोइटेमुहान

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>बटालीखेत सिंचाई कुलो निर्माणका लागि ६० जना दक्ष र ३६६ जना अदक्ष कामदार प्रयोग भएकोमा प्राविधिकबाट सो को बिश्लेषण नगरी डोर हाजिरको बिल भरपाई संलग्न गरेको छ ।<br>
• जडासैन खानेपानी निर्माण उपभोक्ता समितिको रु.६ लाखको बील भुक्तानी गर्दा २२३ जना दक्ष र ३५७ अदक्ष कामदारको डोर हाजिरी बिल पेश गरेको छ । लागत अनुमान अनुसार २५ एमएमको १८०० मीटर पाइप खरिद गर्नुपर्नेमा ३०, ४२ एमएम का पाइप समेत खरिद गरेको बिल संग्न गरेको छ भने ४ बण्डल काँडेतारको लागत अनुमान तयार गरेकोमा १ बण्डलमात्र खरिद भएकोमा समेत पूर्ववत लागत अनुमान अनुसारको काम सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन प्राविधिकबाट प्रमाणित भएको देखियो ।<br>
• बासरुख सिंचाई कुलो निर्माण उपभोक्ता समितिको रु.५ लाखको बील भरपाईमा लागत अनुमानमा काडेतार खरिद र सो घेराबारका लागि १२ वटा फलामेपोल खरिद गर्नुपर्नेमा ६ वटा मात्र खरिद गरेको र सम्पन्न निर्माण कार्यको संलग्न फोटोमा उक्त सामान प्रयोग गरी घेराबार लगाएको देखिएन । तर कार्य समपन्न प्रतिवेदनमा लागत अनुसारको कार्य सम्पन्न गरेको उल्लेख गरी प्राविधिकबाट प्रमाणित भएको पाइयो ।<br>
यसबाट प्राविधिकले स्थलगत नाँपजाचका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेका प्रति आश्वस्त हुन नसक्नुका साथै खर्च भएका बील भरपाई र निर्माण कार्यबीच तालमेल नदेखिएकोले निर्माण कार्यमा भएको खर्च यथार्थता अनुसार वास्तबिक नाँपजाचका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.४.</td><td>बढी भुक्तानी : अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सैनवाडा-टुपवाडा-बण्डालिथान सडक निर्माण कार्यका लागि पेश गरी स्वीकृत भएको परिमाण र दर भन्दा फरकपारी बील पेश गरेकोमा कार्य सम्पन्न प्रतिवेदनका आधारमा बील रकम भुक्तानी गर्दा तोकिएको कार्य भन्दा फरक कार्य गरी रु. ५३,०८६/- बढी रकम भुक्तानी भएकोले असुल गर्नुपर्ने रु...
<table>
<tr><th rowspan="2">कामको विवरण</th><th colspan="3">पेश भएको स्वीकृत दररेट अनुसार</th><th colspan="3">कार्य सम्पन्न बिल अनुसार</th></tr>
<tr><th>परिमाण</th><th>दर</th><th>रकम</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>SS</td><td>४८०६.८२</td><td>५२.९</td><td>२५४२८०.८</td><td>९१३०.१३</td><td>५१.८७</td><td>४७३५७९.८</td></tr>
<tr><td>BMS</td><td>१७१६.७२</td><td>७५.९</td><td>१३०२९९.०</td><td>२८२.३८</td><td>७५.८७</td><td>२१४२४.१७</td></tr>
<tr><td>SR</td><td>३४३.३४</td><td>१६७</td><td>५७३३७.७८</td><td>०</td><td>१६७.२७</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td>४४१९१७.६</td><td></td><td></td><td>४९५००४.०</td></tr>
</table></td><td>५३,०८६/-</td></tr>
<tr><td>३६.५.</td><td>डोर हाजिरः तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । यसबाट सम्पन्न निर्माण कार्यमा भएको जिन्सी सामानको खपत तथा कामदारको विवरण अनुसार निर्माण खर्च बिश्लेषण गर्न सक्ने अवस्था देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ ।<br>
यस सम्बन्धमा उपभोक्ताले गरेको कामको डोर हाजिर प्राविधिकबाट प्रमाणित गर्न कठिनाई रहेको प्राविधिकबाट जबाफ प्राप्त भएतापनि प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कार्यमा सुधार हुनुपर्दछ । | |
| ३६.६. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपलिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यबस्थापन गर्नुपर्ने देखियो । | |
| ३६.७. | **मेसिनको प्रयोगः-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा सँचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राबिधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांस ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो ।<br>श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमाबलीको मनसाय भएतापनि अधिकाँश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । त्यसमा गाँउपालिकाले ध्यान दिनुपर्दछ । | |
| ३६.८. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ । | |
| ३६.९. | **उपभोक्तासँग सम्झौताः-**सार्बजनिक खरिद नियमाबली २०६४ को ९७उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछःनिर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ । गाँउपालीकाले उपभोक्ता समितिसँगको योजनाको बिलभरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, गाँउपालीको बजेट तथा उपभोत्ता समितिको जनश्रमदानको बारेमा उललेख नगरि केबल बिलभरपाईहरु सँलग्न गरि खर्च लेखेको छ । जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन । | |
| ३६.१०. | **कार्यसम्पन्न प्रतिबेदनः--**सार्बजनिक खरिद नियमाबली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछ भन्ने व्यबस्था रहेको छ । गाँउपालीकाबाट सँचालीत योजनाहरुमा प्राबिधिकहरुबाट नाँपजाच भएको सबै कार्यहरुको लागत अनुमान अनुरुप शत प्रतिशत कार्यसम्पन्न भएको देखाईएको छ । जसबाट स्थलगत रुपमै बास्तबिक नाँपजाच भएको | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>हो भनि बिश्बस्त हुने आधार भएन । यसरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको केही उदाहरण निम्न छन् :<br>
<table>
<tr><th>भौ.नं मिति</th><th>आयोजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न प्रतिबदेन</th></tr>
<tr><td>४१५-०७४/०९/३०</td><td>ढकारी नबदुर्गा मन्दीर निर्माण</td><td>१६,०४,५७७.४४</td><td>१६,०४,५७७.४४</td></tr>
<tr><td>४०९-०७५/०३/२५</td><td>ढुगाँचाल्ना कोलीमारा सडक नि. उ.स</td><td>६०,५५,८०४.६५</td><td>६०,५५,८०४.६५</td></tr>
<tr><td>३४१-०७५/०२/२९</td><td>देवल मेल्चाखान गा.पा सडक उ.स</td><td>९,४५,९८७.९७</td><td>९,४५,९८७.९७</td></tr>
<tr><td>३४५-०७५/२/२९</td><td>धामपितर देवताको मन्दिर</td><td>१४,८१,९३९.२९</td><td>१४,८१,९३९.२९</td></tr>
<tr><td>३६०-०७५/०२/२८</td><td>बाण्डालिथान टुपाडाँडा मन्दिर</td><td>८,३३,८७८.८८</td><td>८,३३,८७८.८८</td></tr>
<tr><td>३७१-०७५/०३/०१</td><td>मनकामना मन्दिर घेरापर्खाल निर्माण</td><td>८,१२,५७७.००</td><td>८,१२,५७७.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.११.</td><td>स्थलगत निरीक्षण:- गाँउपालिकाले अधिकांश नयाँ ग्रामिण सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सँचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालीका बा गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसारका केहि आयोजनामा अुनगमन प्रतिबेदन राखेतापनि सवै आयोजनामा अनुगमन प्रतिबेदन राखेको छैन । राखेको प्रतिबेदनमा पनि निर्माण कार्यको नाम कामको लम्बाई, चौडाई, नरम माटो, र कडा माटो वा चट्टानको कार्य के कति गरेको, के कति काम नभएको स्पष्ट नखुलाई प्रतिबेदन गर्नुपर्नेमा निर्माण कार्य गरेको, कडा चट्टान परेको, काम पुरा नगरेको जस्ता सामान्य सुझाउ उल्लेख गरेको देखियो ।<br>यसबाट अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । लेखापरीक्षणको समय श्रावण २१ देखि भाद्र २० सम्म भएको र बर्षाको कारण कच्चिबाटो पहिरो एवं हिलोको कारण अबरुद्ध भएको हुँदा स्थलगत निरीक्षण गर्न सकिएन । सम्बन्धित पदाधिकारीहरु बाट हुने अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.१२.</td><td>आयोजना हस्तान्तरण सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोत्तास समितिबाट ३०० भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३६.१३.</td><td>उपभोक्ता समिति दर्ता – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>नापी किताब : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ ।<br>गाँउपलिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| ३८. | **पेश्की बाँकी:-** आर्थिक बर्षको अन्त्यमा निम्नानुसार पेश्की बाँकी रहेको देखिएकोले सार्वजनीक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नु पर्ने देखिएको रकम रु.... | ४४,४२,५१२/०० |

| l;=g+ | vr{ lzif{s | k]ZsL lng]sf] gfd | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १. | अपांग उत्थान समिति | अपांग उत्थान समिति | कार्यक्रम सञ्चालन | २,००,०००/- |
| २. | d}y'g vfg]kfgL lgdf{)f pkef]Qmf ;ldlt | d}y'g vfg]kfgL lgdf{)f pkef]Qmf ;ldlt | खानेपानी आयोजना | 15,00,000/- |
| ३. | hfNkfb]jL dlGb/ lgdf{)f ;ldlt | hfNkfb]jL dlGb/ lgdf{)f ;ldlt | मन्दिर निर्माण | 16,00,000/- |
| ४. | rfO{/fvf]nf em'n'+u] k'n lgdf{)F ;ldlt | rfO{/fvf]nf em'n'+u] k'n lgdf{)F ;ldlt | समअनुदान | 71,512/- |
| ५. | >L dfga:tf l;+rfO{ of]hgf | >L dfga:tf l;+rfO{ of]hgf | सिंचाई योजना निर्माण | 4,95,000/- |
| ६. | श्री खेतगैरा सिंचाई योजना | श्री खेतगैरा सिंचाई योजना | सिंचाई योजना निर्माण | 3,15,000/- |
| ७. | >L u+ufkfgL ;'jf%*f l;+rfO{ of]hgf | >L u+ufkfgL ;'jf%*f l;+rfO{ of]hgf | सिंचाई योजना निर्माण | 2,61,000/- |
| | | | | ४४,४२,५१२/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३९. | **आन्तरीक आम्दानी :-** गाँउपालिकाले यो बर्ष रु ६ लाख १० हजार आन्तरीक आम्दानी गरको देखाएको छ । आन्तरीक आम्दानी गर्दा राख्नुपर्ने निम्नानुसार खाता एबं अभिलेख नराखेकोले त्यति नै आम्दानी हो भनि यकिन गर्न सक्ने आधार भएन । कार्यालयले अभिलेख व्यबस्थीत गरि आम्दानी एकिन गनुपर्ने देखिएको रु ……… | ६,१०,२८८/- |

| सि.नं | बिबरण |
|---|---|
| १ | आन्तरीक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी , खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता नराखेको |
| २ | बडालाई बुझाएको रसिद फिर्ता लिई आम्दानी एकिन नगरको |
| ३ | राजस्व असुली को दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको |
| ४ | आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४०. | **जिन्सी व्यबस्थापन-** आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाको यस वर्ष नियमको उक्त व्यवस्था बमोजिम निरीक्षण अनुगमन गरेको छैन । साथै खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने, माग फारम भराई स्वीकृत गर्ने, जिन्सी शाखाबाट दाखिला प्रमाणित गर्ने लगायतका प्रक्रिया पुरा नगर्ने, खरिद भएका सामानहरुको बिलसाथ माग फारम, दाखिला प्रतिवेदन संलग्न नगरी छुट्टै राख्ने गरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँउपलिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ । | |
| ४१. | <u>**आन्तरिक लेखापरीक्षण व्यहोरा**</u><br>आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको प्रमाण जुटाई अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्न अनुसारका बेरुजुहरु हालसम्म फछ्र्यौट गरेको नपाइएकोले सम्बन्धित कर्मचारीहरुबाट असुल फछ्र्यौट गर्नुपर्दछ । | |
| ४१.१. | प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम अनतर्ग ३ जना (सहायक पाँचौ स्तर) कर्मचारीको फिल्डभत्ता मासिक | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | रु.२,२००/-का दरले दिनुपर्नेमा रु.३,०००/- का दरले भुक्तानी गरेकाले बढी भुक्तानी गरेको रु……. | २४,४८०/- |
| ४१.२. | हिच्मा स्वास्थ्य चौकीका अ.न.मी.(सहायक चौथो) श्री विद्या पुन तालिममा गएको समयमा नपाउने स्थानीय भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु…. | ४,६००/- |
| ४१.३. | हे.अ.श्री देवेन्द्र यादवको कार्यक्रम पेश्की फछ्र्यौट गर्दा विभिन्न फर्मबाट औषधि खरिद एवं ढुवानी भुक्तानीमा अग्रिम कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु….. | ८,०४३/- |
| ४१.४. | स्वास्थ्य संयोजक श्री लक्ष्मण शाहको कार्यक्रम पेश्की फछ्र्यौट गर्दा विभिन्न फर्मबाट औषधि खरिद एवं ढुवानी भुक्तानीमा अग्रिम कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु….. | २,९००.९२ |
| ४१.५. | हे.अ.श्री देवेन्द्र यादवको कार्यक्रम पेश्की फछ्र्यौट गर्दा कार्यक्रम संचालन गरेको स्थानमा रहेको कर्मचारीहरुलाई समेत यातायात खर्च दिन नमिल्नेमा वितरण गरेकोले असुल हुनुपर्ने रु…. | १२,५००/- |
| ४१.६. | हे.अ.श्री देवेन्द्र यादवको कार्यक्रम पेश्की फछ्र्यौट गर्दा महिला स्वास्थ्य स्यंम सेविकालाई बढी यातायात खर्च भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु……. | ६,९००/- |
| ४१.७. | वि.पी.स्मृति आ.मा.विलाई बहालकर भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेकोले असुल हुनुपर्ने रु… | १,५००/- |
| ४१.८. | हे.अ.श्री देवेन्द्र यादवले औषधी ढुवानीको भुक्तानी गर्दा अग्रिमकर कट्टा ननगरेकोले असुल गर्नुपर्ने रु….. | ५,५००/- |
| ४२. | **बित्तिय जबाफदेहिता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी बित्तिय जबाफदेहिता बहन गर्नु पर्ने देखिन्छ। बित्तिय जबाफदेहिताका सुचक को आधारमा कार्यालयको बित्तिय जबाफदेहिताको स्थिति मुल्याङ्कन गर्दा संगठन संरचना तथा कार्य विवरण एबं जिम्मेबारी स्वीकृत नभएको, आन्तरीक नियन्त्रण प्रणाली स्वीकृत नगरेको,कार्यक्रम संचालन तथा बजेट खर्चको तालमेल नभएको, बेरुजु लगत तथा फछ्र्यौटको स्थीति शुन्य रहेको, नागरिक बडापत्र नरहेको तथा सेवा प्रबाहको गुणस्तरीयता अभिबृदिको उपायमा कमजोर रहेको, आदी कारणबाट ग्रेड **C** मा पर्न गएको देखिन्छ । अत बित्तिय जबाफदेहिताका मुख्य पक्षहरु व्यबस्थापकीय, बित्तिय व्यबस्थापन, सेवा प्रबाह तथा खरिद व्यबस्थापन र ठेक्का सम्झौता कार्यान्बयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४३. | **बेरुजू** - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.६३ लाख २० हजार, अनियमित बेरुजू रु.४१ लाख ५२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१३ लाख ६५ हजार र पेश्की बाँकी देखिएको रु.४४ लाख ४३ हजार समेत रु.१ करोड ६२ लाख ८० हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएबाट अन्तिम बेरुजू कायम भएको छ। | |
| ४४. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १०५९ | - | १०५९ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४५. | **अद्यावधिक बेरुजू स्थिति :** गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १०५९ | ० | १६२८० | १७३३९ |

अनुसूची– १

## ढकारी गाँउपालिका अछामको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | अछाम | ढकारी गाउँपालिका | ४८ | २५ | १६२८० | ० | ० | ० | ४९ | २४ | १६२८० | ६३२० | ४१५२ | १३६५ | ० | ० | ५५१७ | | ४४४३ | ४४४३ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | ढकारी गाउँपालिका | अछाम | ५२९२ | १९३१२१ | ८०१७९ | ५५१५२ | ३२८४५२ | १५६०८५ | १४२८४८ | ६७४५ | ३०५६७८ | २८०६७ |